बैंठक संख्या:- ३

आज मिति २०८१/०६/०७ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो ।

<u>तपसिल</u>

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धीमाया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री कोपिला राई | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | अध्यक्ष वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | अध्यक्ष वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | अध्यक्ष वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | अध्यक्ष वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | अध्यक्ष वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | अध्यक्ष वडा नं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | अध्यक्ष वडा नं. ८ | |
| १२. | श्री धन राज तामाङ | अध्यक्ष वडा नं. ९ | |
| १३. | श्री होम बहादुर मगर | अध्यक्ष वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | अध्यक्ष वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निरकुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| २२. | पासाङ शेर्पा | व.का. अध्यक्ष वडा नं.५ | |
| | | | |

| मिति २०८१/०६/०७ गते सोमबार बसेको नगरकार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरु :- | | |
|---|---|---|
| सि.नं. | प्रस्ताव | निर्णय |
| १. | कार्यक्रमको खरिद विधि सम्बन्धमा | चालु आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुको शाखागत रुपमा पेश भए अनुसारको खरिद विधि स्वीकृत गर्ने । |
| २. | वार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा | सोलुदुधकुण्ड नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरुबाट पेश भएको रू १० लाख भन्दा बढि लागत रकम भएका आयोजना/कार्यक्रमको वार्षिक खरिद योजना स्वीकृत गर्ने । |
| ३. | DPR निर्माण सम्बन्धमा | यस नगरपालिकाबाट आगामी आर्थिक वर्षमा सञ्चालन गरिने प्रमुख आयोजनाहरुको लागि सबै वडाहरुबाट आयोजना माग गरी प्राथमिकीकरणको आधारमा DPR निर्माण गर्ने । |
| ४. | पर्यटन प्रवर्द्धन सम्बन्धमा | पर्यटन प्रवर्द्धनको लागि जन्तरधापबाट शुरु हुने एभरेष्ट म्याराथुन दौडमा सोलुखुम्बु जिल्लाबाट सहभागी जनाउने धावकहरुलाई सहयोग स्वरुप रू.५ लाख र थेक्छेन पेमा छोलिङ गुम्बा, सल्लेरीको आयोजनामा हुने थेक्छेन पेमा छोलिङ गुम्बा, सल्लेरीदेखि नगर क्षेत्रका अन्य गुम्बासम्मको म्याराथुन दौड प्रतियोगिताको लागि रू. ५ लाख रकम पर्यटन शीर्षकबाट खर्च गर्ने । |
| ५. | तरकारी पकेट विकास कार्यक्रम सञ्चालन सम्बन्धमा | तरकारी पकेट विकास कार्यक्रम संचालनका लागि विनियोजित बजेट रू. १२ लाखबाट कार्यक्रम सञ्चालन गर्न सोलुदुधकुण्ड नगरपालिका ६ नं. वडालाई छनौट गर्ने । |
| ६. | रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धमा | रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालनका लागि विनियोजित बजेट रू. ६ लाखबाट कार्यक्रम सञ्चालन गर्न सोलुदुधकुण्ड नगरपालिका १० नं. वडालाई छनौट गर्ने। |
| ७. | वैकल्पिक उर्जाको समझदारीको अनुमोदन सम्बन्धमा | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र काठमाण्डौ र सोलुदुधकुण्ड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बीच जुनबेशी हाइड्रो निर्माण सम्बन्धी मिति २०८१/०३/३१ गते भएको पूरक समझदारी पत्र, २०८१ अनुमोदन गर्ने र आयोजनाको लागत अनुमानमा उल्लिखित आइटमहरुको अनुमोदन गर्ने । |
| ८. | जुनबेशी साना जलविद्युत आयोजनाको लागत अनुमान भेरिएशन गर्ने सम्बन्धमा । | सोलुदुधकुण्ड नगरपालिका वडा नं. २ स्थित जुनबेशी साना जलविद्युत आयोजनाको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजानिक खरिद नियमावली २०६४ को नियम ११८ को उपनियम ५ बमोजिम नगर उपप्रमुखको संयोजकत्वमा तपसिल बमोजिमको विशेषज्ञहरुको समूह मार्फत स्थलगत रुपमा अनुगमन तथा आवश्यक जाँचबुझ गराई सिफारिसको आधारमा निर्माण कार्यको लागत अनुमानको भेरिएशन जारी गर्ने ।<br>क) श्री गान्धी माया तामाङ - संयोजक<br>ख) ईञ्जिनियर श्री फूर्वा शेर्पा - सदस्य<br>ग) ईञ्जिनियर छैठौं श्री दिनेश कुमार राई - सदस्य<br>घ) GIZ नेपालबाट १ जना प्रतिनिधि - सदस्य<br>ङ) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य<br>च) योजना शाखा प्रमुख - सदस्य |

| | | |
|---|---|---|
| ९. | खर्च दायित्व सम्बन्धमा | गत आर्थिक वर्ष २०८०/०८१ मा बजेट अभाव तथा आर्थिक वर्षको अन्तमा निकासा रकम अभावका कारण भुक्तानी दिन बाँकी निम्न बमोजिमको रकम चालु आ.व. २०८१/०८२ मा दायित्व सारी मिल्दो शीर्षकबाट भुक्तानी गर्ने । |

| क्र.स. | योजनाको नाम/विवरण | रकम रु | भुक्तानी पाउनेको नाम |
|---|---|---|---|
| १ | वडा नं. ६ को वडा कार्यालय हुदै डुलुम्से सडक | ९,६३,०००।०० | अरुणिमा निर्माण सेवा |
| २ | बागम केरुङ सडक | १२,४७,०००।०० | आर पी कन्स्ट्रक्सन |
| ३ | सिकारीडाँडा सिसाखोला सडक | ९,६५,०००।०० | ड्रिम मेकर ईन्जिनियरिङ |
| ४ | च्याङसर सिसाखोला सडक | ९,६९,०००।०० | आर पी कन्स्ट्रक्सन |
| ५ | अधिकृतस्तर छैठौ गणेश कुमार श्रेष्ठको छुट जेठ, असारको तलब | १,१४,०२३।०० | गणेश कुमार श्रेष्ठ |
| ६ | नेपाल टेलिकमको छिनाक्पु गरिखासा टावरमा विद्युत सेवा बिस्तार गरेवापत यस न.पा.ले सडक बत्तीतर्फको शिर्षकबाट भुक्तानी गर्ने गरी समपुरक रकम | १,९५,७१५।०० | सल्लेरी च्याल्सा विद्युत कम्पनी |
| ७ | १४औं नगरसभामा चिया नास्ता उपलब्ध गराए वापतको भुक्तानी हुन बाँकी रकम | ६३,०००।०० | साल्मे होटल एण्ड रेन्बो सेन्टर, गार्मा |
| ८ | यस कार्यालयको 002 झ 6070 नं. को गाडी मर्मत गरेवापत भुक्तानी गर्न बाँकी रकम | २,७०,६३४।०० | युनाईटेड ट्रेडर्स सिन्डीकेट |
| ९ | चौरी प्रवर्द्धनका लागि खरिद गरिएको क्रिम सेप्रेटर मेसिनको बाँकी भुक्तानी रकम | ८,३६,०००।०० | बायोमेड सिस्टम प्रा. लि. |
| १० | लुम्सा दिमिल सडक स्तरोन्नती | १६,९४,०००।०० | संगिता कन्स्ट्रक्सन |
| ११ | तल्लो जोगारा झोलुङ्गे पुल प्रथम रनिङ बिल | ६,००,०००।०० | सम्बन्धित उपभोक्ता समिति |
| १२ | झोलुङ्गे पुल स्टिल पार्टस खरिद | ७,५०,०००।०० | जुनकिरी ईन्डष्ट्रिज प्रा.लि. |
| १३ | गत आर्थिक वर्षमा कृषि मेसिनरी वितरण तथा कृषि यान्त्रिकरण वडा घोषणा गरेको कार्यक्रमको बाँकी भुक्तानी रकम | १,१०,६६८।०० | रामदेव यादव |
| १४ | ११ नं. वडा कार्यालयको प्रशासनिक खर्च | १,८३,४०५।०० | सम्बन्धित वडाको चालु आ.व.को प्रशासनिक खर्चबाट |
| | कुल जम्मा | ९,६१,४४५।०० | |

| | | |
|---|---|---|
| १०. | थप सुविधा सम्बन्धमा | यस कार्यालयम कार्यरत प्रमुख प्रशासकीय अधिकृतज्यूले प्रयोग गर्ने सवारी साधनको चालकको कार्य बोझ तथा जोखिमको आधारमा तलब भत्ता बाहेक अन्य कुनै प्रकारको थप सुबिधा उपलव्ध नहुने गरी २०८१ असोज महिना देखि लागू हुने गरी मासिक रू. १५,०००.०० थप भत्ता उपलब्ध गराउने अन्य प्राविधिक कर्मचारी, सवारी चालकको हकमा प्राविधिक कर्मचारी तथा सवारी चालकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८० अनुसार नै यस आ.व.मा पनि थप सुविधा उपलब्ध गराउने। |
| ११. | आर्थिक सहायता सम्बन्धमा | यस नगरपालिकामा पेश हुन आएको तपसिल बमोजिमका व्यक्तिहरुलाई स्वास्थ्य उपचार तथा विपद् सम्बन्धी आर्थिक सहायता कार्यविधि, २०८० बमोजिम आर्थिक सहायता रकम उपलब्ध गर्ने। |

| क.स | व्यक्तिको नाम | ठेगाना | क्षतिको प्रकृति |
|---|---|---|---|
| १ | छिरि शेर्पा | सो.दु.न.पा. -६, च्याल्सा | आगलागी |
| २ | रिन्जी शेर्पा | सो.दु.न.पा. -३ | पहिरो |
| ३ | जुना तामाङ | सो.दु.न.पा. -३ | आगलागी |
| ४ | काली माया मगर अधिकारी | सो.दु.न.पा. -३, सल्लेरी | पहिरो |
| ५ | लोक बहादुर घर्ति मगर | सो.दु.न.पा. -८, सल्लेरी | पहिरो |
| ६ | राम कुमार राई | थुलुङ दुधकोशी -७ | आगलागी |

| | | |
|---|---|---|
| १२. | उपचार खर्च सम्बन्धमा। | मिति २०८१।०६।०३ गते सोलुदुधकुण्ड नगरपालिकाको बा २ झ २३४८ को जीप कार्यालयको कामको सिलसिलामा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर जाँदा उदयपुर जिल्ला, बेलका नगरपालिका आइतबारे स्थित सडकमा भोजपुर जिल्ला आमचोक गाउँपालिका वडा नं. १० कार्कीछाप टोल निवासी वर्ष ३८ को कृष्ण नेवार यस कार्यालयको उक्त जिपको ठक्करबाट घाईते भई वि.पी. कोइराला मेमोरियल अस्पताल धरानमा उपचार गराई रहेकोले निजको सम्पूर्ण उपचार वापतको खर्च तथा कुरुवाको खाना, खाजाका लागि वील भरपाइको वमोजिमको रकम उपलब्ध गराउने र सो कार्यका लागि हाललाई पेश्की स्वरूप रू. ३ लाख ५० हजार रकम उपलब्ध गराउने। |
| १३. | कार्यालय भवन रङ्ग रोगन सम्बन्धमा | सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन मर्मत गर्ने सन्दर्भमा कार्यालयको भवन मर्मत शीर्षकमा नगरसभा मार्फत कुनै पनि बजेट विनियोजन नरहेकोले कार्यालयको रङ्गरोगन कार्यमा प्राविधिक लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन अनुसार भएको खर्च रू. २,०९,५५८।- रकम कार्यालयको ग-२-७ तर्फ विनियोजित वडा कार्यालय भवन समपुरकको बचत बजेटबाट भुक्तानी गर्ने। |
| १४. | शीर्षक परिवर्तन सम्बन्धमा | सोलुदुधकुण्ड नगरपालिका वडा नं. २ को वडा स्तरिय योजना अन्तर्गत समपुरक कोष तर्फ विनियोजत रू. १,५०,०००।०० रकमलाई सोलुदुधकुण्ड नगरपालिकाको कोषमा ट्रान्सफर गर्ने र नगरपालिकाको स्वास्थ्य उपचार तथा विपद सम्बन्धी आर्थिक सहायत कार्यविधि, २०८० अनुसार वडा कार्यालयको सिफारिसमा खर्च गर्ने। |